# स्थलगत अनुगमनको क्रममा पुनर्निर्माणका आयोजनातर्फ देखिएका समस्याहरुको सारांश :

१. केही आयोजनाको निर्मास्थलमा अझै पनि होर्डिङ्ग वोर्ड नराखेको । राखेकोमा पनि नमूना वमोजिम नभएको ।
२. निर्माण भएका संरचनाहरुको गुणस्तर परीक्षण नगरी हस्तान्तरण गर्ने गरिएको ।
३. रङ्गरोगन तथा वाहिरी गेटको च्यानल फिटिङ्गको फिनिसिङ्ग राम्रो नभएको ।
४. जिर्ण भवन पुनर्निर्माण हुनुको सट्टामा थप हल निर्माण गर्ने काम भएको ।
५. स्थानीय कार्यान्वयन निकायहरु तथा स्थानीय शान्ति समितिको बीचमा जिल्लास्तरमा समन्वय नभएको ।
६. स्थानीय तथा केन्द्रय दुबै कार्यान्वयन निकायबाट मातहतका आयोजनाहरुको पर्याप्त सुपरभिजन नभएको ।
७. बिगतका अनुगमनबाट औंल्याईएका गल्ती कमजोरी सुधार भएनभएको वारे केन्द्रको सम्बन्धित शाखाबाट थप follow up नहुनुका साथै केन्द्रमा सो को अनिबार्य रुपमा कार्यान्वयन हुने खालको स्थायी स्वचालित संयन्त्र खडा नभएको ।
८.कतिपय निर्मित संरचनाहरुको गुणस्तर सन्तोषजनक नभएको भन्ने अनुगमनटोलीको रिपोर्टमा नै उल्लेख भएको र अनुगमन टोली समक्ष जनगुनासो पनि आएको ।
९. मरमत भएका संरचनाको गुणस्तर सन्तोषजनक नहुनुका साथै केन्द्रको सम्बन्धित शाखाबाट follow up को स्थायी संयन्त्र खडा गरी कारबाही नगरिएको ।
१०. अधूरा योजना पूरा नगरी नयाँ योजना छनौट गर्ने गल्ती अधिकाँश जिल्लामा गरिएको ।
११. कुनै कुनै उपभोक्ता समितिले पेश्की लिई फछ्र्यौट नगर्ने गलत परम्परा बसेको ।
१२. दुर्गम जिल्लाका जिल्ला प्रशासन कार्यालयमा प्रशासनिक र केही DTO तथा DUDBC मा प्राविधिक जनशक्ति कम भै अनुगमनमा कमी हुने गरेको ।
१३.उल्लेख्य सँख्यामा आयोजनाको निर्माण सामग्रीको गुणस्तर परीक्षण नगरेको ।
१४. निर्माण सम्पन्न आयोजना हस्तान्तरण नभएको र सम्बन्धित कार्यान्वयन निकायले उचित पहल नगरेको ।
१५. ससाना निर्माणका काम पूरा नभएका कारण पूरैयोजना हस्तान्तरण नभएको ।
१६. पानीको समस्याका कारण पहाडी जिल्लाका निर्माण आयोजनामा क्यूरिङ्ग नगरिएको ।
१७. केही आयोजनामा जग्गा विवादका कारण योजना शूरु गर्न ढिलाई हुने गरेको ।
१८. केही जिल्लामा एउटै ठेकेदारले धेरै वटा योजना ठेक्कामा लिई काममा ढिलाई गरेको ।
१९.बिगतबर्ष करोडौंको लागतमा निर्मित यातायात व्यबस्था कार्यालय गण्डकी कास्की पोखराको भवनको प्लाष्टर उप्कीने र पानी जम्ने समस्या भएकोले गुणस्तरमा प्रश्न उठेको ।
२०. जिल्ला कृषि विकास कार्यालय, पर्साको झ्यालका खापाहरु कुकाठका वनाई गम्भिर लापरबाही गरेको । केन्द्रबाट रंगरोगन नगरेकै अबस्थामा निरीक्षण नभएको भए सो पत्ता लगाउन पनि कठिन हुने गल्ती देखिएको ।
२१. चितवनमा शान्ति वाटिकाको गुरुयोजना नै तयार नगरेको ।
२२. केही आयोजनाको भवनको निर्माणमा टाईविम र पिल्लर एकै लाईनमा नभएको ।
२३. हिले उच्च मा.बि. धनकुटाको इट्टाको गुणस्तर राम्रो नभएको ।
२४. अधिकाँश जिल्लामा प्राथमिकताको क्रम निर्धारण नगरी योजना छनौट गर्ने गरिएको ।
२५. अनुगमन टोलीले समय नपुगेको भनी आफु खटिएका उदयपुर र मोरङ. जिल्लाको अनुगमन नै नगरेको ।
२६. दूर्गमका प्रहरी तर्फका निर्माण योजनामा हिमपातका कारण निर्माण सामग्रीको ढुवानीमा ढिलाई भएको ।
२७. तेश्रो चौमासिकमा ४० प्रतिशत भन्दा वढी रकम खर्च गर्न नपाउने नियमले काममा वाधा परेको ।
२८. केही भवनको निर्माणमा वीम र पिल्लर ढलाईमा छड देखिएकोले गुणस्तरमा प्रश्न उठेको ।
२९. केन्द्रले बजेट र अख्तियारी समयमा नपठाउने गरेको ।
३०. बर्दिया जिल्लामा २/३ वटा योजना मात्र भए पनि निर्माण शुरु नै नभएको ।
३१. तेह्रथुम जिल्लामा म्याङ्गलुङ्ग गाबिस भवनमा प्रयोग गर्न नसकिने अतिसाँगुरो सौचालय बनाई खर्चका लागि खर्च गरेको र सौचालय पनि प्रयोगमा नआएको ।
३२. जिल्ला प्रशासन कार्यालय महोत्तरीको ठेक्का ५० प्रतिशत घटेर लिएकोले निर्मित भवनका Sanitory पाईपहरु भवन निर्माण संपन्न हुनु अगावै फुटेको
३३. म्याग्दी जिल्लाको सिडिओ, एलडिओ, न्यायाधीश क्वाटर निर्माण कार्य सन्तोषजनक नभएको । निर्माण सम्पन्न हुना साथ सिडिओ क्वाटरमा कार्पेट भिज्ने गरी पानी चुहेको ।
३४. पुनरावेदन सरकारी वकील कार्यालय राजबिराजको भवननिर्माण कार्य सन्तोषजनक नदेखिएको ।

(प्रेमप्रसाद संजेल)
उपसचिव

## स्थलगत अनुगमनको क्रममा राहत तथा अन्य कार्यक्रममा देखिएका समस्याहरु :

१. राहत तथा आर्थिक सहायता पाँउनेको तथ्याङ्क राहत ईकाईले हरेक स्थानीय शान्ति समिति तथा सम्वन्धित जिल्लाका स्थानीय कार्यालयमा नपठाएको । केही पठाएकोमा पनि अधूरो भएको । डाटा अद्यावधिक वनाउने स्थायी संयन्त्रनै वनाउनुपर्ने र नियमित रुपमा जिल्लाको तथ्याङ्क केन्द्रसँग अद्यावधिक हुनुपर्ने माग भएको ।
२. स्थानीय शान्ति समितिको वैठकमा उपस्थिति न्यून हुने गरेको ।
३. गा.वि.स. र न.पा. स्तरीय शान्ति समितिलाई बजेट निकासा नभएकोमा ब्यापक गुनासो आएको ।
४. राहतको रकम समयमा फुकुवा नहुँदा समस्या भएको ।
५. CDO ले पाएको अख्तियारी LPC लाई दिनुपर्ने माग भएको ।
६. फोटोकपी, फ्याक्स जस्ता सामग्री जिल्लामा नहुँदा समयमा काम गर्न कठिन भएको ।
७. CDO, LDO, DTO, DUDBC, DEO र LPC बीच अन्तरकृया नभएका कारण समन्वयमा कमी आएको ।
८. Mine Risk Education Programme मा सेना र प्रहरीलाई समावेश नगरेका कारण कार्यक्रम नै प्रभावकारी नभएको ।
९. सुरक्षाको कारण गा.वि.स. सचिव नहुँदा गाउँमा LPC गठन नभएको ।
१०. कुनै जिल्लामा छात्रवृत्तिको रकम जाँदै नगएको ।
११. कुनै जिल्लामा एकल महिलाले पाउने आर्थिक सहायता एक जनाले पनि नपाएको ।
१२. स्थानीय तहबाट शिफारिश नै नभई पर्वत जिललामा आर्थिक सहायता निकासा भएको ।
१३. राहत वितरणको कट अफ डेट निर्धारण नभएकोले हुनुपर्ने माग भएको ।
१४. मृतक र बेपत्ता व्यक्तिको संख्या उल्लेख्य छ । तर आर्थिक सहायता लिने हकदार ब्यक्ति सम्पर्क राख्न आउँदैनन् । यसको कारण पत्ता लगाउनु पर्ने र जिल्लालाई पनि जानकारी दिनु पर्ने ।
१५. सबैलाई एकै पटक पुग्ने गरी निकासा नभए सम्म व्यक्तिगत सम्पत्ति क्षतिको क्षतिपूर्ति रकम वितरण गर्न कठिन भएकोले कतिपय जिल्लाले बितरण गर्न नसकेको ।
१६. जिल्ला शिक्षा कार्यालयहरुले पूर्णसूचनाको अभावमा द्वन्द्व पीडितका सन्ततिलाई छात्रबृत्ति नदिएकोले के कस्ता ब्यक्तिले छात्रबृत्ति पाँउने हो ? सो खुलाई परिपत्र हुनुपर्ने ।
१७. कतिपय जिल्ला शिक्षा कार्यालयहरुमा द्वन्द्वपीडितका सन्ततिलाई छात्रबृत्ति दिनपुग्ने रकम नै निकासा नभएको । ती कार्यालयले पनि निकासा नमागेको , द्वन्द्व पीडितका सन्ततिको रेकर्ड उपलव्ध नभएको, यी बिषयमा राहत ईकाईले सम्बन्धित निकायमा जानकारी नदिएको ।
१८. राहत ईकाई र शिक्षा बिभाग लगायतका सरोकारवाला कार्यान्वयन निकाय बीचमा समन्वय , बैठक र पत्राचारमा कमी भएको ।

(प्रेमप्रसाद संजेल)
उपसचिव